विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७९/०९/१७ मा बसेको बैठकको एजेन्डा र निर्णयहरू:-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | पूर्व निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा। | विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको गत बैठकका निर्णयहरूको कार्यान्वयन सम्बन्धमा छलफल तथा समीक्षा गरियो। |
| २ | नगर सभाको मिति तोक्ने सम्बन्धमा। | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ एवम् प्रदेश सरकारबाट जारी गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३ बमोजिम विराटनगर महानगरपालिका, नगर सभाको एघारौं अधिवेशनको बैठक आगामी पुस २७ गते बिहान ११:०० बजेदेखि विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको सभा हलमा बस्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ३ | प्रतीक चिन्ह (Logo) छनौट समिति सम्बन्धमा। | विराटनगर महानगरपालिकाको प्रतीक चिन्ह (Logo) निर्माणका लागि मिति २०७९/०७/२८ मा प्रकाशित सार्वजनिक सूचना बमोजिम पेस भएका लोगोहरूको आवश्यक अध्ययन तथा छलफल गरेर उत्कृष्ट तीन वटा लोगो छनौट गरी कार्यपालिकालाई सिफारिस गर्न देहाय बमोजिमको छनौट समिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(१) श्री शिल्पा निराला कार्की, उपप्रमुख – संयोजक<br>(२) श्री अर्जुन गिरी, वडा अध्यक्ष, वडा नं.१० – सदस्य<br>(३) श्री सम्तली देवी विश्वास, कार्यपालिका सदस्य – सदस्य<br>(४) संयोजकले तोकेको १ जना विज्ञ सदस्य – सदस्य<br>(५) श्री अर्जुन थपलिया, सामान्य प्रशासन महाशाखा प्रमुख – सदस्यसचिव |
| ४ | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरूको अनुमोदन सम्बन्धमा। | मिति २०७९/०७/२९ मा बसेको कार्यपालिका बैठकको निर्णयानुसार आ.व.२०७९/०८० मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सम्बन्धित वडाहरूबाट आयोजना माग गरी प्राप्त भएका **अनुसूची-१** मा संलग्न आयोजनाहरूको सञ्चालन प्रक्रिया समेत अगाडि बढिसकेको हुँदा उक्त आयोजनाहरूलाई सर्वसम्मतिले अनुमोदन गरियो। |
| ५ | वडा नं.१९ मा प्रादेशिक सभा हलको लागि जग्गा र प्रदेश बसपार्क व्यवस्थापन (ADB सम्बन्धित) सम्बन्धमा। | प्रादेशिक सभा हल निर्माणका लागि आवश्यक जग्गा वडा नं.१९ मा र बसपार्क निर्माणका लागि महानगरपालिका क्षेत्रभित्र आवश्यक जग्गा व्यवस्थापन गर्न आवश्यक अध्ययन गरी पेस गर्ने सर्वसम्मतिले निर्णय गरियो। उक्त आवश्यक परेका जग्गाहरू प्रचलित सरकारी दररेटमा अध्ययनबाट र सरोकारवालाहरू बीचको छलफलबाट जग्गा प्राप्ति गर्नुपरेमा जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम खरिद प्रक्रिया अगाडि बढाउने सर्वसम्मतिले निर्णय गरियो। |
| ६ | वडा नं.११ स्थित नहरको सौन्दर्यकरणका लागि DPR तयार सम्बन्धमा। | विराटनगर महानगरपालिका वडा नं.११ स्थित नहर लगायतको सौन्दर्यकरणका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने प्रक्रिया अगाडि बढाउने सर्वसम्मतिले निर्णय गरियो। साथै, वडा नं.११ स्थित शिव बाबा मार्गमा पिच निर्माणका लागि सडक बोर्डबाट विनियोजित रकम अपुग भएकोले उक्त सडक पिच निर्माण गर्न लागत अनुमान अनुसारको रु.१६,३३,८४६।४२ रकम आगामी नगर सभाबाट अनुमोदन हुनेगरी मर्मत सम्भार कोषबाट व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

| | | |
|---|---|---|
| ७ | हुलाक कार्यालय अगाडि सडक डिभिजन कार्यालय दक्षिण रोटरी क्लबछेउ (नारी शिल्प कला केन्द्र रहेको) जग्गामा कार्यालय प्रयोजनका लागि भवन निर्माण सम्बन्धमा। | विराटनगर महानगरपालिका वडा नं.७ (साविक वडा नं. ९-ग) स्थित हुलाक कार्यालय अगाडि सडक डिभिजन कार्यालय दक्षिण रोटरी क्लबछेउ (नारी शिल्प कला केन्द्र रहेको) कित्ता नं.२५ को जग्गामा कार्यालय प्रयोजनका लागि भवन निर्माण गर्न जिल्ला प्रशासन कार्यालय, मोरङसँग समन्वय गरी आवश्यक प्रक्रिया अगाडि बढाउने सर्वसम्मतिले निर्णय गरियो। |
| ८ | समिति गठन सम्बन्धमा। | (क) विराटनगर महानगरपालिका, खेलकुद विकास ऐन, २०७९ को दफा ३(घ) मा भएको व्यवस्था बमोजिम महानगर खेलकुद विकास समितिमा देहाय बमोजिमका सदस्य मनोनयन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(१) श्री मधुबाबु तिवारी, वडा अध्यक्ष, वडा नं.७<br>(२) श्री खुश्बु विश्वकर्मा, कार्यपालिका सदस्य<br><br>(ख) विराटनगर महानगरपालिका, बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी कार्यविधि, २०७८ को दफा ११(१)(ख) मा भएको व्यवस्था बमोजिम नगर बाल अधिकार समितिमा देहाय अनुसारका सदस्य मनोनयन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(१) श्री जीतेन्द्र कुमार शाह, वडा अध्यक्ष, वडा नं.१८<br>(२) श्री सरिता घिमिरे (नेपाल), कार्यपालिका सदस्य |
| ९ | विविध। | (क) महानगरपालिकाले सेवाग्राहीलाई उपलब्ध गराउने सेवा प्रवाहको वर्तमान अवस्था, समस्या र चुनौतिको विषयमा बृहत छलफल गरियो। सार्वजनिक सेवा प्रवाहलाई चुस्त-दुरुस्त, सरल, सहज, पारदर्शी, जवाफदेही, जानकारीमूलक र प्रभावकारी बनाउन विद्युत्तीय सेवा (e-service) तथा Service Automation प्रणालीको विकास तथा सञ्चालन गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने एवम् महानगरपालिका र अन्तर्गतका सम्पूर्ण वडा कार्यालयहरूमा नागरिक वडापत्रको व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ख) कार्यपालिकामा पेस भएका "अपाङ्गता भएका व्यक्तिहरूको मिलिजुली समूहले बिउपूँजी सञ्चालन तथा परिचालन सम्बन्धी कार्यविधि, २०७९", "प्रारम्भिक बाल विकास तथा शिक्षा निर्देशिका, २०७९" र "शैक्षिक गुठी दर्ता सम्बन्धी कार्यविधि, २०७९" लाई आवश्यक अध्ययन, राय-परामर्श तथा छलफल गरी कार्यपालिकालाई सिफारिस गर्न विधेयक समितिमा पठाउने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ग) योजना जाँचपास तथा फरफारक समितिबाट चालु आ.व.को कात्तिक मसान्तसम्ममा जाँचपास भई फरफारक भएका योजनाहरूको जाँचपास सर्वसम्मतिले अनुमोदन गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ, नेपाल
प्रदेश नं. १

(घ) विराटनगर महानगरपालिका, ७ नं. वडा कार्यालयबाट पूर्वतर्फ स्मशान घाट (विश्रान्ती) जाने सडकको दायाँबायाँतर्फ नालाको व्यवस्था नभएको कारण बर्षायाममा पानी निकास हुन नसकी हाटखोला आसपासको क्षेत्रमा डुबान हुने गरेकोले उक्त सडकको दुबैतर्फ आर.सी.सी. नाला निर्माणको लागि रु.१ करोडमा नबढ्नेगरी प्राविधिक लागत अनुमान तयार गरी कार्य प्रक्रिया अगाडि बढाउने र सोको लागि आगामी नगर सभाबाट अनुमोदन हुनेगरी बजेट व्यवस्थां गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(ङ) विराटनगर १३ स्थित विराटनगर आँखा अस्पताल अगाडिको बाटो पिच तथा नाला निर्माण गर्नु अत्यावश्यक भएकोले आगामी नगर सभाबाट अनुमोदन हुनेगरी बजेट व्यवस्था गरी निर्माण प्रक्रिया अगाडि बढाउने सर्वसम्मतिले निर्णय गरियो।

(च) विराटनगर महानगरपालिका, ६ नं. वडा कार्यालयको उपयुक्त भवन नभएकोले कार्यालयको दैनिक सेवा प्रवाहमा कठिनाइ भइरहेको हुँदा हाल प्रयोजनमा रहेको पूरानो भवन निश्चित समयमा प्रक्रिया पुर्‍याई लिलामी गर्ने र आगामी नगर सभाबाट आवश्यक बजेट व्यवस्था गर्नेगरी नयाँ कार्यालय भवन निर्माण प्रक्रिया अगाडि बढाउने सर्वसम्मतिले निर्णय गरियो।

(छ) वडा नं.६ स्थित जुनेली मार्गमा ३६० मिटर सडक पिच निर्माण कार्य भइरहेको र बजेट अपुग भई उक्त मार्गको केही भाग पिच गर्न नसकिने भएका कारण बाँकि रहेको १३५ मिटर सडक खण्ड पिच गर्ने र सोको लागि अपुग रकम रु.१७,०८,०७७।८४ आगामी नगरसभाबाट अनुमोदन हुनेगरी व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो। साथै, वडा नं.६ स्थित नै बि.एफ.एम.अगाडिको बाटो शान्ति चोकदेखि केशलिया रोडसम्मको सडक पिच निर्माण गर्न आगामी नगर सभाबाट अनुमोदन हुनेगरी रु.१,६०,००,०००।० बजेट व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(ज) वडा नं.४ स्थित एयरपोर्ट रोडमा Road Marking Paint कार्य गर्नका लागि लागत अनुमान अनुसारको रु.९,९९,८२१।८२ रकम आगामी नगर सभाबाट अनुमोदन हुनेगरी आ.व. २०७९/०८० को वार्षिक नीति, कार्यक्रम तथा बजेट किताबको पाना नं.८१/सि.नं.३२५ को House number plating and road signage शीर्षकबाट व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(झ) आ.व.२०७९/०८० को बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने क्रममा महानगरपालिकाले तोकेको सडक मापदण्डभन्दा साना पूराना सडकहरूमा मापदण्डका कारण कार्यान्वयनमा समस्या उत्पन्न भएको र मापदण्ड बमोजिम सडक विस्तार गर्दा स्थानीयवासीको घरजग्गा नै बाँकि नरहने अवस्था समेत देखिएको हुँदा हाललाई उक्त सडकहरूको यथास्थितिकै अवस्थामा वडास्तरीय योजनाहरू कार्यान्वयन गर्ने/गराउने सर्वसम्मतिले निर्णय गरियो।

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

| | | |
|---|---|---|
| | | (ञ) मिति २०७९/०६/१२ बसेको नगर कार्यपालिकाको बैठकबाट आ.व. २०७९/०८० को स्वीकृत नीति, कार्यक्रम तथा बजेट अनुरुप उपभोक्ता समितिमार्फत योजना सञ्चालनका लागि सम्पूर्ण वडास्तरीय योजनाहरूको २०७९ पुस १५ गतेसम्ममा सम्झौता गरिसक्ने निर्णय भएकोमा चाडपर्व, योजना संशोधन लगायत विविध कारणले तोकिएको समयसीमाभित्र सम्झौता हुन नसकेको हुँदा सम्झौता गर्ने अवधि २०७९ फागुन मसान्तसम्म थप गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ट) विराटनगर महानगरपालिकाको स्वामित्वमा रहेको वडा नं.९, बुधहाट चोक, हनुमान मन्दिर पूर्व-उत्तरको डि-प्लट भवन पूरानो भई जीर्ण अवस्थामा रहेको र पटकपटक सूचना गर्दा समेत केही सटरहरू वहालमा लाग्न नसकेकोले उक्त भवन भत्काई पार्किङसहितको नयाँ व्यवसायिक संरचना निर्माण गर्ने र सोको लागि हाल वहालमा रहेका व्यवसायीहरूलाई घटीमा ४ (चार) महिनाको पूर्व सूचना दिई सटर खालि गराउने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ठ) विराटनगर ७ स्थित जिल्ला प्रशासन कार्यालय, मोरङको दक्षिणतर्फ खालि जमीनमा महानगरपालिकाले निर्माण गरेको ५ वटा टहराहरू प्रति टहरा न्यूनतम रु.५ हजार (कर बाहेक) का दरले सार्वजनिक सूचना प्रकाशन गरी वहालमा लगाउने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ड) विराटनगर यातायात व्यवस्थापन कार्यविधि, २०७७ को पेस भए बमोजिमको संशोधन सर्वसम्मतिले स्वीकृत गरियो।<br><br>(ढ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९ बमोजिम महानगरपालिका क्षेत्रमा लाग्ने हाटबजार बापत बहाल बिटौरी शुल्क ठेक्कामार्फत सङ्कलन गर्नका लागि दोस्रोपटक सार्वजिनक सूचना गर्दा पनि ठेक्का व्यवस्थापन हुन नसकेकोले न्यूनतम ठेक्का रकम रु.२०,००,०००। कायम गरी पुनः सार्वजनिक सूचना प्रकाशन गरी ठेक्का व्यवस्थापन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ण) विराटनगर २ स्थित शनिहाटपूर्व प्रधानमन्त्री पार्क निर्माण आयोजना सञ्चालन गर्ने क्रममा ऐलानी क्षेत्रमा रहेको रेवत दुलालको घर भत्किने भएकोले तत्काल बसोबास व्यवस्थापन गर्न राहत सहयोग स्वरुप रु.४ लाख रकम उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(त) राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति, २०६७ बमोजिम विराटनगर महानगरपालिकामा काम गरिरहेका महिला स्वास्थ्य स्वयंसेविकाहरू पर्याप्त संख्यामा रहेकाले कुनै पनि कारणले हाल कार्यरत स्वयंसेविका पदमुक्त भएमा तत्कालका लागि उक्त पदमा स्वयंसेविका थप नगर्ने/नगराउने र आवश्यकताको आधारमा न्यूनतम मापदण्ड तयार गरेर मात्रै व्यवस्थापन गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

| | | |
|---|---|---|
| | | (थ) मिति २०७९/०७/२९ मा बसेको कार्यपालिका बैठकबाट नेपाल सरकार सशर्त कार्यक्रमतर्फ ENSSURE परियोजना अन्तर्गत कार्यगत अभ्यास सहितको तालिम सञ्चालनका लागि Professional Cook, Professional Aluminum Fabricator र Professional Plumber विषयमा तालिम सञ्चालन गर्ने निर्णय भएकोमा Professional Plumber तालिम महानगर बहुप्राविधिक शिक्षालयबाट सञ्चालन गर्ने र Professional Cook तथा Professional Fabricator तालिमको हकमा सार्वजनिक सूचनामार्फत तालिम प्रदायक संस्था छनौट गरी सञ्चालन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(द) विराटनगर महानगरपालिकाको सहकारी नीति, योजना, व्यवस्थापन, सेवा तथा नियमनको सम्बन्धमा आवश्यक परामर्शको लागि १ जना सहकारी विज्ञ कम्तीमा १ महिनादेखि बढीमा ३ महिनाको लागि व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ध) अमिन एवम् सवारीचालक अभावका कारण महानगरपालिका र वडा कार्यालयको दैनिक सेवा प्रवाहमा असहजता तथा समस्या उत्पन्न भइरहेको हुँदा महानगरपालिकाको संगठन संरचना र दरबन्दी तेरिज पारित भएर स्थायी पदपूर्ति नहुन्जेलसम्म अल्पकालीन व्यवस्थाका लागि ६ जना अमिन र आवश्यकता अनुसार सवारीचालक दैनिक ज्यालयादारीमा व्यवस्थापन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(न) विराटनगर महानगरपालिकाको कर्मचारी व्यवस्थापन (सेवा शर्त सम्बन्धी) ऐन, २०७५ (पहिलो संशोधन, २०७६) बमोजिम विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयका स्थानीय सेवा अन्तर्गतका स्थायी कर्मचारीहरूको एक तह स्तर वृद्धि गरी तह समायोजना गरिएकोमा उक्त तह समायोजनको बखत श्री निराला प्रसाईंको बढुवा रोक्का रहेकाले निजको स्तर वृद्धि नभएको र निजले रोक्काको समयसीमा व्यतित गरिसकेपछि उच्च अदालत, विराटनगरमा मुद्दा दायर गरेकोमा सम्मानित अदालतबाट उक्त विषय महानगरपालिकाको प्रशासनिक क्षेत्राधिकार भित्रको विषय रहेको र सो सम्बन्धमा उपयुक्त कारबाही किनारा गरी निकास दिनु भनी परमादेश जारी भएको हुँदा कर्मचारी व्यवस्थापन ऐन, २०७५ बमोजिम निजको एक तह स्तरवृद्धि गरी तह समायोजन गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| १० | अर्को बैठक सम्बन्धमा। | सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) प्रतिवेदन लगायतका सम्बन्धमा अर्को बैठक मिति २०७९/०९/१९ गते मङ्गलबार दिनको २:०० बजे बस्ने सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १ नेपाल

## अनुसूची-१

| क्र.सं. | आयोजनाको नाम | संचालन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | महेन्द्रेश्वर शिवालय वेलगाछी टोल, रामजानकी मन्दिर विजयपुर टोल, सिंहेश्वर मन्दिर शंकरचौकपुर्व, दुर्गा मन्दिर शान्ति चौक, संसारी मन्दिर धर्मशाला टोल, हनुमान मन्दिर भट्टाचौकपुर्वपाथिभरा टोल, सरसफाई तथा मर्मत सम्भार | वडा नं. १ | |
| २ | परोपकार घाट, बाल उद्यान त्रिवेणी मार्ग,जेष्ठ नागरिक चौतारा त्रिवेणी मार्ग पुर्व नहर चौक सरसफाई तथा मर्मत कार्य | | |
| ३ | ढाट उत्तरबाट जामुनगाछी नहरसम्म, नहरको सरसफाई तथा मर्मत सम्भार | वडा नं ४ | |
| ४ | पार्क सफाई : ग्रिनपार्कराजबंशी चोक र नया बन्लौरी चोक | | |
| ५ | बरगाछी चोकबाट उत्तर तर्फ राजबंशी चोक पश्चिमसम्म नाला सफाई तथा मर्मत सम्भार | | |
| ६ | लक्ष्मीनारायण मन्दिर, रामजानकी मन्दिर, इक्राहीरामजानकी मन्दिर सरसफाई मर्मत संम्भार | | |
| ७ | बसपार्क सरसफाई | वडा नं ११ | |
| ८ | कान्छा दाई मार्गको नाला तथा सडक सरसफाई मर्मत सम्भार | | |
| ९ | स्वागत मार्ग सरसफाई तथा मर्मत सम्भार | | |
| १० | नहर तथा सडक सरसफाई तथा मर्मत सम्भार | | |
| ११ | जनपथ मा.वि को बंगैचा रेखदेख तथा सरसफाई | | |
| १२ | जेष्ठ नागरिक भवन निर्माणमा जन लेवर तथा सरसफाई | | |
| १३ | श्री बाल माध्यमिक विद्यालयको झारपात, नाला सरसफाई तथा वृक्षारोपण | वडा नं १३ | |
| १४ | श्री रामजानकी मन्दिरको (खाकी बाबा तपोस्थल) झारपात, नाला सरसफाई तथा वृक्षारोपण | | |
| १५ | श्री हनुमान मन्दिर सेवा समितिको, झारपात, नाला सरसफाई तथा वृक्षारोपण | | |
| १६ | श्री शिव मन्दिरको झारपात, नाला सरसफाई तथा वृक्षारोपण | | |
| १७ | भट्टी मोड देखि तालिम केन्द्र सम्मको बाटोको सरसफाई तथा मर्मत सम्भार | वडा नं १६ | |
| १८ | वैष्णोदेवी मन्दिरदेखि दरैया हुँदै सुगरमिल सम्मको बाटोको सरसफाई तथा मर्मत सम्भार | | |
| १९ | वडा नं १६ को भित्रि गल्ली बाटोहरुको सरसफाई तथा मर्मत सम्भार | | |
| २० | वडा नं. १६ को राधाकृष्ण मन्दिर, दुर्गा मन्दिर, शिव मन्दिर,ब्रह्मस्थान मन्दिर,किरातेश्वर शिव मन्दिर, बजरंगबलि मन्दिर, चिहानघारी सरसफाई तथा मर्मत सम्भार | | |
| २१ | रघुपति स्कूलको सरसफाई तथा मर्मत सम्भार | वडा नं १७ | |
| २२ | कृष्ण मन्दिरको सरसफाई तथा मर्मत सम्भार | | |
| २३ | बजरंगवली मन्दिरको सरसफाई तथा मर्मत सम्भार | | |
| २४ | वडा कार्यालय हुँदै बुधनगर जाने बाटोको सरसफाई तथा मर्मत सम्भार | | |
| २५ | वडा कार्यालयको सरसफाई तथा बंगैचा निर्माण | | |
| २६ | मदर्साअसर्फिया सरसफाई तथा मर्मत सम्भार | | |
| २७ | कब्रस्थान तथा शमशान घाट सरसफाई तथा मर्मत सम्भार | | |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

| क.सं. | आयोजनाको नाम | संचालन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | वडा कार्यालयको परिसर तथा कार्यालयको परिसरको ३०० मि. चारकिल्ला क्षेत्र भित्र सरसफाई तथा बोट विरुवा गोडमेल साथै बंगैचा निर्माण | वडा नं. ३ | |
| २ | धर्मबांधरोड हुँदै भित्रको साही मार्ग सरसफाई तथा वृक्षारोपण | वडा नं १० | |
| ३ | अरनिको पथ र विनय मार्ग हुँदै भित्रका गल्लीहरु सरसफाई तथा वृक्षारोपण | | |
| ४ | प्राध्यापक बालकृष्ण पोखरेल मार्ग पूर्वका गल्लीहरु र मित्र मार्गको सरसफाई तथा वृक्षारोपण | | |
| ५ | सिद्धार्थ मार्ग,शन्ति मार्ग, देवी मार्ग,जहदा मार्ग, प्रभात मार्ग, गौरव मार्ग, र तरुण मार्गको सरसफाई तथा वृक्षारोपण | | |
| ६ | नारायण आधारभूत विद्यालय परिसर भित्रको सरसफाई तथा वृक्षारोपण | | |
| ७ | वडा परिसर भित्र फुल तथा गमला व्यवस्थापन र वडा कार्यालयको छेउछाउ तर्फको सरसफाई तथा वृक्षारोपण | | |
| ८ | वडा कार्यालय आसपास (समेत) पुर्व जाने गाउँ सम्म बाटोको सरसफाई तथा मर्मत सम्भार | वडा नं ११ | |
| ९ | मिलन चौक देखि उत्तर पश्चिम सरदार टोल स्वास्थ्य चौकी हुँदै गोरखापत्र मेनरोड बाटोको सरसफाई तथा मर्मत सम्भार | | |
| १० | दुर्गा मन्दिर, सार्वजनिक मा. वि हुँदै राजवंशी टोल सम्म बाटोको सरसफाई तथा मर्मत सम्भार | | |
| ११ | मिलन चौक देखि दक्षिण खवास टोल हुँदै नहर सरदार टोल सम्म सरसफाई तथा मर्मत सम्भार | | |
| १२ | टावर देखि पुर्वधनपुरामसुरी टोल सम्म सरसफाई तथा मर्मत सम्भार | | |
| १३ | टावर देखि दक्षिण पश्चिम खद्र थान टोल सम्म सरसफाई तथा मर्मत सम्भार | | |
| १४ | दुर्गा मन्दिर देखि दक्षिण खाद्राथान टोल सम्म सरसफाई तथा मर्मत सम्भार | | |
| १५ | घिनाघाट देखि पन्चकन्या टोल हुँदै उत्तर राजवंशी टोल सम्म सरसफाई तथा मर्मत सम्भार | | |
| १६ | राजबंशी थान टोल देखि मसुरी टोल हुँदै लखन्तरी सिमाना सम्म सरसफाई तथा मर्मत सम्भार | | |
| १७ | घिनाघट पुल देखि उत्तर रोशन बन्जाराको घर हुँदै उत्तर मसुरी टोल सम्म बाटो नाला सरसफाई तथा मर्मत सम्भार | | |
| १८ | परशुराम चौक देखि पश्चिम ढावी टोल सम्म सरसफाई तथा मर्मत सम्भार | | |
| १९ | परशुराम चौक देखि पुर्व सम्झना भुजेलको घर हुँदै पुडन्वा खोला सम्म सरसफाई तथा मर्मत सम्भार | | |
| २० | खुद्रा थान देखि पश्चिम दक्षिणा चमरुमुसहरको टोल सम्म सरसफाई तथा मर्मत सम्भार | | |
| २१ | साविक वडा नं, ३, ट्रान्समिटर आसपास (समेत) देखि दक्षिण मुसहरी टोल, साह टोल हुँदै राजबंसी टोल सम्म सरसफाई तथा मर्मत सम्भार | | |
| २२ | मिलन चौक देखि उत्तर सरदार टोल हुँदै लखन्तरी सिमाना सम्म सरसफाई तथा मर्मत सम्भार | | |
| २३ | मिलन चौक पुर्व नया वस्तीकाबाटोहरुमा सरसफाई सरसफाई तथा मर्मत सम्भार | | |
| २४ | पंचमुखी देखि दरैया सम्मको सडकको सरसफाई मर्मत सम्भार  वृक्षारोपण | वडा नं १२ | |
| २५ | बिराटनगर १२ मा रहेको आधारभूत स्वास्थ्य केन्द्रको सरसफाई मर्मत सम्भार तथा वृक्षारोपण | | |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

| | | | |
|---|---|---|---|
| २६ | बखरी आधारभूत विद्यालय, दरैया आधारभूत विद्यालय र मलुनवा आधारभूत विद्यालय आवश्यक अनुसारको सरसफाई तथा विद्यालयमा वृक्षारोपण | | |
| २७ | कृषि भवन देखि पश्चिम शान्ति चौक सम्म सडक सरसफाई मर्मत सम्भार | वडा नं ६ | |
| २८ | जुनेली मार्ग सडक सरसफाई मर्मत सम्भार तथा वृक्षारोपण | | |
| २९ | अरुण मार्ग र वडा समिति कार्यालय सरसफाई तथा वृक्षारोपण | | |
| ३० | शिव मन्दिर पश्चिम वि एफ एम चौक दक्षिण मोहन झाको घर जाने सडक दाँयाबाँया वृक्षारोपण | | |
| ३१ | वि एफ एम पन्चकन्या मार्ग सरसफाई र वृक्षारोपण | | |
| ३२ | ब्रह्मस्थान देखि उत्तर वि एफ एम चौकसम्म सडक सरसफाई | | |
| ३३ | जानकी मार्ग सरसफाई र वृक्षारोपण | | |
| ३४ | विहानी मार्ग सरसफाई कार्यक्रम | | |
| ३५ | श्री सरस्वति स्कूलको सरसफाई तथा मर्मत सम्भार | वडा नं ९ | |
| ३६ | श्री सरस्वति स्कूल परिसर भित्र बगैचा तथा फुलबारी निर्माण तथा घेराबार | | |
| ३७ | वडा नं. ९ को (मेनरोड हुँदै ठाकुर वाडीरोडजलजला चोक देखि रोडशेष चोक) सम्मको रोड, नाला सरसफाई तथा मर्मत सम्भार | | |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल